नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**शिक्षा विभाग**
**(समावेशी शिक्षा शाखा)**
सानोठिमी, भक्तपुर

**पत्र संङ्ख्याः** २०८३/०८४ (समावेशी) **फोन नं: ०१-६६३८८५३**
**च.नं.:** ५४ **Email-inclusivedoe@gmail.com/ies@cehrd.gov.np**

मिति २०८३।०६।१९

**श्री स्थानीय तह,**
**(७५३) सबै ।**

**विषयः विपन्न लक्षित छात्रवृत्तिका लागि फाराम भर्ने भराउने म्याद थप गरिएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा आगामी शैक्षिक सत्र २०८४ मा सार्वजनिक विद्यालयतर्फ कक्षा ६ र कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूलाई विपन्न लक्षित छात्रवृत्ति उपलब्ध गराउने प्रयोजनका लागि विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन मापदण्ड, २०८० को दफा ७ को उपदफा १ को खण्ड (क) बमोजिम चालु शैक्षिक सत्र २०८३ मा कक्षा ५ र कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूबाट यसैसाथ संलग्न रहेको अनुसूची १ अनुसारको Proxy Mean Testing (PMT) फाराम सम्बन्धित विद्यालयमार्फत् देहायबमोजिम भर्ने भराउने म्याद मिति २०८३।०८।१९ गतेसम्म थप गरिएको बेहोरा निर्णयानुसार अनुरोध छ ।

**धर्म प्रसाद तिवारी**
**निर्देशक**

**१. PMT फाराम भर्ने भराउने प्रकृयाका लागिः**

१.१ यस विभागको वेबसाइट https://cehrd.gov.np वा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (Integrated Educational Management Information System IEMIS) को वेबसाइट https://emis.cehrd.gov.np मा गई PMT फाराम डाउनलोड गरी मिति २०८३।०८।१९ भित्रमा फाराम भराई IEMIS प्रणालीमा प्रविष्टि गर्नुपर्ने छ ।

१.२ उक्त फाराम विद्यालयले प्रिन्ट गरी कक्षा ५ र कक्षा ८ मा अध्ययनरत फाराम भर्न इच्छुक विद्यार्थी वा अभिभावकलाई उपलब्ध गराउनु पर्ने छ ।

१.३ सम्बन्धित विद्यार्थीले विद्यालयबाट उपलब्ध भएको फाराममा उल्लिखित सम्पूर्ण सूचकहरू सत्य साँचो भरी आफ्नो आभिभावकबाट प्रमाणित गराई प्रधानाध्यापक समक्ष पेश गर्नुपर्ने छ ।

१.४ सम्बन्धित विद्यार्थी वा अभिभावकबाट पेस भएको फाराम प्रधानाध्यापकले रुजु र सही छाप गरी स्थानीय तहमा प्रमाणीकरणका लागि पेश गर्नुपर्ने छ ।

१.५ विद्यालयले माथि उल्लिखित प्रक्रिया पुऱ्याई विद्यालयमा प्राप्त भएका PMT फारामहरू शिक्षा विभागको वेबसाइट https://emis.cehrd.gov.np मा लगइन गरी सम्पूर्ण सूचकहरू भर्नु भराउनु पर्ने छ ।

**२. IEMIS मा PMT फाराम प्रविष्टि गर्नको लागिः**

२.१ यस विभागको वेबसाइट https://emis.cehrd.gov.np मा लगइन गरी Dashboard मा रहेको मेनुमा थिच्नुहोस् ।

२.२ PMT मेनुमा थिच्नुहोस्। त्यसपछि वर्षमा २०८३, कक्षामा ५ वा ८ छान्नुहोस् । Load मा थिच्नुहोस् ।

२.३ PMT फाराम भरेको विद्यार्थीको नामको दायाँतर्फ रहेको Action मा थिच्नुहोस्। PMT फाराम खुल्छ। तहाँ विद्यार्थीको प्रमाणित PMT फाराममा भरेका विवरण हुबहु भर्नु पर्ने छ ।

२.४ PMT फाराम IEMIS मा प्रविष्ट गरेपछि प्रमाणित फाराम र सोको अभिलेख विद्यालयले सुरक्षित राख्नु पर्ने छ।

**बोधार्थः**

श्री शिक्षा विकास निर्देशनालय, सबै प्रदेशः आवश्यक समन्वय एवम् सहजीकरण गरिदिनु हुन ।

श्री शिक्षा विकास तथा समन्वय एकाइ, सबैः विवरण प्रविष्टी वा सम्प्रेषण गर्ने कार्यमा आवश्यक समन्वय एवम् सहजीकरण गर्नु हुन ।

श्री सामुदायिक विद्यालय (सबै): PMT फाराम भर्नु भराउनु हुन र सोको विवरण IEMIS प्रणालीमा प्रविष्टि गर्नुहुन ।